"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, कोशी प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

पत्र संख्या :- ६१-२०८०/८१ शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

चलानी नं. :- २४६६

**विद्यालयहरुको लेखापरीक्षण सम्बन्धमा धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखाको सूचना !**

सूचना प्रकाशन भएको मितिः २०८०।७।१५

यस उपमहानगरपालिकाभित्र सञ्चालित विद्यालयहरुको आर्थिक वर्ष २०७९।८० को अन्तिम लेखापरीक्षण गर्नुपर्ने भएको हुँदा कानूनअनुसार योग्यता पुगेका इच्छुक लेखापरीक्षकहरुलाई तपसिल अनुसारका कागजातहरुसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र धरान उपमहानगरपालिका, शिक्षा, युवा तथा खेलकुद महाशाखामा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**१ सामुदायिक विद्यालयको हकमाः**

लेखापरीक्षकले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरुः

- चालु आर्थिक वर्षमा नवीकरण भएको लेखापरीक्षण फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- लेखापरीक्षकको पेसागत प्रमाणपत्र ( COP ) को प्रतिलिपि,
- आर्थिक वर्ष २०७९।८० सम्मको कर चुक्ता प्रमाणपत्र,
- विगतमा सामुदायिक विद्यालयमा लेखापरीक्षण गरेको भए सोको अनुभवको संक्षिप्त विवरण,
- Institute of Chartered Accountants, Nepal ( ICAN ) बाट कुनै पनि प्रकारको कार्यवाहीमा नपरेको स्वःघोषणा,
- कुनै विद्यालयमा स्वार्थ बाझिएको ( Conflict of interest ) भए त्यस्तो विद्यालयको नाम स्वःघोषणा,

**२ संस्थागत तथा अन्य विद्यालयहरुको हकमाः**

कम्पनी तथा गुठीमा आवद्ध सबै संस्थागत विद्यालयहरुले नियमानुसार अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन २०८० साल मंसिर मसान्तसम्ममा अनिवार्य रुपमा धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेस गर्नुपर्ने छ । तोकिएको मितिसम्ममा लेखापरीक्षण गराई प्रतिवेदन पेस नगर्ने संस्थागत विद्यालयलाई यसै सूचना अनुसार पेस भएका निवेदनहरुमध्येबाट त्यस्ता विद्यालयहरुको लेखापरीक्षक खटाउन सकिने छ ।

२०८०/७/१४

गणेशप्रसाद खतिवडा

शिक्षा महाशाखा प्रमुख

धरान उपमहानगरपालिका

शिक्षा, युवा तथा खेलकुद महाशाखा